# नेपाल राष्ट्र बैंक
## राष्ट्रऋण व्यवस्थापन विभाग
## थापाथली, काठमाडौं

## दुईहप्ता अवधिको निक्षेप संकलन तथा रिपो उपकरण जारी गर्ने सम्वन्धी कार्यविधि, २०७३

आर्थिक वर्ष २०७३/७४ को मौद्रिक नीतिमा उल्लेख भएबमोजिमको ब्याजदर करिडोर क्रमशः लागू गर्ने सन्दर्भमा करिडोरको उपल्लो सीमा (Upper bound) स्थायी तरलता सुविधामा कायम रहेको ब्याजदर रहने हुँदा ब्याजदर करिडोरको तल्लो सीमा (Lower bound) र नीतिगत दर कायम गर्न निम्नानुसारको कार्यविधि अवलम्वन गरी दुईहप्ता अवधिका निक्षेप संकलन तथा रिपो उपकरण जारी गरिने छ ।

### दुईहप्ता अवधिको निक्षेप संकलन

ब्याजदर करिडोरको तल्लो सीमा (Lower bound) कायम गर्न खुला बजार कारोबार सञ्चालन समितिले निम्नानुसारको व्यवस्था कायम गरी दुईहप्ता अवधिको निक्षेप संकलन उपकरण जारी गर्न सक्ने छ ।

(क) दुई कार्यदिन अघिको वाणिज्य बैंकहरु बीचको भारित औसत अन्तरबैंक ब्याजदरमा १० आधार विन्दु (Basis points) घटाई दुईहप्ता अवधिको निक्षेप संकलन उपकरणको ब्याजदर कायम गर्ने ।

(ख) उपरोक्त बमोजिमको ब्याजदरमा आवश्यकता अनुसारको परिमाणमा बोलकबोलको माध्यमबाट निक्षेप संकलन गर्ने ।

(ग) निक्षेप संकलन आह्वानको सूचना नेपाल राष्ट्र बैंकको वेवसाईट तथा Online Bidding System को माध्यमबाट प्रकाशित गर्ने ।

(घ) बोलकबोलमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुले मात्र भाग लिन पाउने ।

(ङ) काउण्टरपार्टीहरुले बोल गर्दा आफूले निक्षेप वापत जम्मा गर्न चाहेको रकम उल्लेख गर्नुपर्ने ।

(च) बोलकबोलमा न्यूनतम रु. १ करोड वा रु. १ करोडले भाग जाने अधिकतम आह्वान रकमसम्म बोल गर्न सकिने ।

(छ) आह्वान रकमभन्दा बढीको बोल पर्न आएमा दामासाहीको आधार (Pro-rata basis) मा बाँडफाट गर्ने ।

(ज) आह्वान गरिएको बोल रकममध्ये सम्पूर्ण वा आंशिक बोल स्वीकार वा अस्वीकार गर्ने अधिकार खुला बजार कारोबार सञ्चालन समितिमा रहने ।

(झ) स्वीकृत भएका बोलपत्र वापतको रकम बैंकले सम्बन्धित काउण्टरपार्टीको यस बैंकमा रहेको खाता खर्च गरिने र बैंकमा संकलित निक्षेपको अलग्गै खातामा जम्मा गरिने ।

(ञ) बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीको खातामा सो उपकरण निष्कासन गरिने दिनमा मौज्दात पर्याप्त नभएमा त्यस्ता काउण्टरपार्टीलाई कालोसूचीमा राखी पछिल्ला बोलकबोलहरुमा सहभागी हुन बन्देज लगाइने ।

(ट) निक्षेप संकलन बोलपत्र स्वीकृत भएका काउण्टरपार्टीहरुलाई सो को निस्सा (प्रमाणपत्र) दिइने ।

(ठ) संकलित निक्षेपको भुक्तानी अवधि समाप्त भए पछि बैंकले ब्याज सहित निक्षेप रकम सम्बन्धित बैंकको खातामा जम्मा गरिदिने ।

(ड) संकलित निक्षेप रकम भुक्तानी मिति अगावै सम्बन्धित काउण्टरपार्टीलाई फिर्ता नदिइने ।

(ढ) निक्षेप संकलन उपकरण प्रयोग गर्नको लागि सुरक्षणपत्र धितो राख्नु नपर्ने ।

(ण) निक्षेप संकलन गरिएको रकम सम्बन्धित काउण्टरपार्टीको लगानी Portfolio हुने भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न नपाइने तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा उक्त रकम गणना गर्न पाइने ।

(त) यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा खुला बजार कारोबार सञ्चालन समितिले व्याख्या वा निर्णय गरे बमोजिम हुने ।

## दुईहप्ता अवधिको रिपो

अल्पकालीन ब्याजदरहरुलाई ब्याजदर करिडोरको उपल्लो सीमा (स्थायी तरलता सुविधाको ब्याजदर) र तल्लो सीमा (दुईहप्ते निक्षेप संकलनको ब्याजदर) भित्र राख्नको निमित्त संकेत दिने नीतिगत दरको रुपमा दुईहप्ता अवधिको रिपो रेटलाई कायम गर्नेगरी खुला बजार कारोबार सञ्चालन समितिले निम्नानुसारको व्यवस्था सहित दुईहप्ता अवधिको रिपो जारी गर्न सक्ने छ ।

(क) दुई कार्यदिन अघिको वाणिज्य बैंकहरु बीचको भारित औसत अन्तरबैंक ब्याजदरमा २०० आधार विन्दु (Basis points) थप गरी दुईहप्ता अवधिको रिपोको ब्याजदर कायम गर्ने ।

(ख) उपरोक्त बमोजिमको ब्याजदरमा आवश्यकता अनुसारको परिमाणमा बोलकबोलको माध्यमबाट रिपो जारी गर्ने ।

(ग) रिपो बोलकबोल आह्वान गरिएको सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट तथा Online Bidding system को माध्यमबाट प्रकाशित गर्ने ।

(घ) बोलकबोलमा क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थाहरुले मात्र भाग लिन पाउने ।

(ङ) बैंकसँग माष्टर रिपर्चेज एग्रीमेण्ट नगरेका काउण्टरपार्टीहरु रिपो बोलकबोल कारोबारमा सहभागी हुन योग्य नहुने ।

(च) बोलकबोलमा न्यूनतम रु. १ करोड वा रु. १ करोडले भाग जाने अधिकतम आह्वान रकमसम्म बोल गर्न सकिने ।

(छ) आह्वान रकमभन्दा बढीको बोल पर्न आएमा दामासाहीको आधार (Pro-rata basis) मा बाँडफाट गर्ने ।

(ज) यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा खुला बजार कारोबार सञ्चालन समितिले व्याख्या वा निर्णय गरे बमोजिम हुने ।

*******